


ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

# *यात्री* कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तन

माया उपाध्याय अर्याल

**Article History:** *Received*: 19 June 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025
**DOI:** https://doi.org/10.3126/srj.v3i1.93335

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेख लक्ष्मीप्रसाद देवकोटाको यात्री कवितामा मानवतावाद र ईश्वरचिन्तनको प्रयोग र प्रभावको विवेचनामा आधारित छ । मानवतावाद भनेको मानव मूल्य तथा क्षमतामा केन्द्रित दर्शन, विचारधारा एवम् चिन्तन हो । मानवतावादमा प्रयुक्त नैतिकता र परोपकारी व्यवहारका कारण अरू मानिसहरूका दुःखमा सहयोग गरी मानवताको अवस्था सुधारतर्फ उन्मुख हुन्छ । परम शक्ति वा ईश्वरका बारेमा गहन चिन्तन, मनन र ध्यान गर्नु भनेको ईश्वरचिन्तन हो । यसलाई सबैभन्दा शक्तिशाली, सृष्टि र संहारको मालिकका रूपमा बुझ्ने गरेको पाइन्छ । ईश्वरलाई हिन्दू धर्ममा परमात्मा वा भने पनि अन्य धर्ममा भने फरकफरक नामले चिन्ने गरिन्छ । यात्री कवितामा विभिन्न अनुसन्धाताहरूले गरेका अनुसन्धानात्मक लेखहरूलाई सैद्धान्तिका आधार मानी यात्री कवितामा मानवतावाद र ईश्वरचिन्तन पहिचान गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ । यात्री' कवितामा मानवतावाद र ईश्वरचिन्तनको प्रयोग भएको छ । प्रस्तुत कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तन कहाँ-कहाँ भएको छ भन्ने प्राज्ञिक जिज्ञासाको निर्क्योल गर्ने उद्देश्य राखेर तयार पारिएको छ । प्रस्तुत शोधकार्य तयार पार्नका लागि प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस शोधकार्यमा प्राथमिक सामग्रीका रूपमा यात्री कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा विभिन्न सैद्धान्ति सामग्रीहरूलाई प्रयोग गरिएको छ । पूर्वकार्यको अध्ययन अनुसन्धान गर्दा यात्री कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तन शीर्षकमा अनुसन्धानत्मक कार्य भएको नपाइएकाले उक्त रिक्तता पूरा गर्नका लागि यो अनुसन्धानात्मक कार्य औचित्यपूर्ण हुनेछ । यो अनुसन्धानात्मक लेख विवेच्य कवितामा कविले पूजा गर्न हिँडेका यात्रीहरूलाई मानिसको काँधमा चढेर तिमी कुन मन्दिरमा, के सामग्री लिएर पूँजा गर्न हिँडेका छौ ? भनी सोधिएको प्रश्न र उत्तर प्रस्तुत गरेको पाइन्छ । यस कवितामा ईश्वर कृत्रिम मन्दिरमा भेटिँदैनन् ईश्वर त मानिसको आत्मभित्र हुन्छन् भन्ने कविको दार्शनिक अधिप्राय रहेको पाइन्छ । त्यसैले यस कविताको मानवतावाद र ईश्वरचिन्तनका दृष्टिकोणबाट विश्लेषण गरी ईश्वर मानव शरीरभित्र हुन्छन्, ईश्वर खोज्नका लागि बाहिर भौतारिएर नहिँड आफूभित्रै ईश्वरको खोजी गर, दुःखी, गरिबहरूको सेवा गर, दुखेका घाउमा मलहम लगाइदेऊ ईश्वर खुसी हुन्छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : आध्यात्मवाद, ईश्वरचिन्तन, परमात्मा, पाञ्चभौतिक, सृष्टिकर्ता ।

## विषयपरिचय

नेपाली आधुनिक कविताको स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसद देवकोटा (वि.सं.१९६६-२०१६) प्रकृति, दर्शन र काल्पनिकतालाई एकैसाथ अगाडि बढाउन सक्ने विलक्षण प्रतिभा भएका कवि हुन् । उनका कवितामा मानवतावादी आवाज र ईश्वरचिन्तन सशक्त रूपमा आएका छन् । देवकोटाका कवितामा फुस्रो काल्पनिकता नभएर पूर्वीय दर्शनको गहिरो छाप पाउन सकिन्छ । मानवतावाद भनेको मानव मूल्य तथा क्षमतामा केन्द्रित दर्शन, विचारधारा एवम् चिन्तन हो । मानवतावादमा प्रयुक्त नैतिकता र परोपकारी व्यवहारका कारण अरू मानिसहरूका दु:खमा सहयोग गरी मानवताको अवस्था सुधारतर्फ उन्मुख हुन्छ । परम शक्ति वा ईश्वरका बारेमा गहन चिन्तन, मनन र ध्यान गर्नु भनेको ईश्वरचिन्तन हो । यसलाई सबैभन्दा शक्तिशाली, सृष्टि र संहारको मालिकका रूपमा बुझ्ने गरेको पाइन्छ । ईश्वरलाई हिन्दु धर्ममा परमात्मा वा भने पनि अन्य धर्ममा भने फरकफरक नामले चिन्ने गरिन्छ ।

देवकोटाको *भिखारी* (२०१०) कवितासङ्ग्रहमा सङ्ग्रहित *यात्री* कविता ईश्वरचिन्तन र मानवतावादका दृष्टिले विश्लेषणीय र महत्त्वपूर्ण रहेको छ । पौरस्त्य दर्शनको सैद्धान्तिक धरातलमा टेकेर *यात्री* कविताको मानवतावाद र ईश्वरचिन्तन सम्बन्धी विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र रहेको छ । 'यात्री' कविताको अध्ययन, विश्लेषण यिनै आधारमा गरी प्राज्ञिक निष्कर्ष निकालिएको छ । महाकवि लक्ष्मप्रिसाद देवकोटाले नेपाली साहित्यिका विविध विधाहरूमा कलम चलाए तापनि उनको विशेष योगदान भने कविता र निबन्धमा रहेको पाइन्छ । वि.सं. १९९१ मा *पूर्णिमाको जलधी* शीर्षकको स्वच्छन्दतावादी धारामा कविता लेखेर नेपाली आधुनिक साहित्य कविता विधामा स्वच्छन्दतावादी धाराको प्रादुर्भाव गरेका देवकोटाले विविध खण्डकाव्य र महाकाव्यहरू लेखेर नेपाली काव्याकाशमा पृथक पहिचान बनाउन सफल भएका छन् । वि.सं. १९९८ मा शारदा पत्रिकाको जेठ अङ्कमा प्रकाशित *यात्री* कविता *भिखारी* (२०१०) कवितासङ्ग्रहमा प्रकाशित कविता हो । देवकोटालाई मानवतावादी, आस्तिक, राष्ट्रवादी, क्रान्तिकारी र प्रकृतिप्रमी कविका रूपमा चिनाइएको छ (भट्टराई, २०५१, पृ. १८०) । देवकोटाको मानवतावाद 'समानता, स्वतन्त्रता र भातृत्त्व'को फ्रान्सेली दर्शनमा आधारित रही प्रकृति, ईश्वर र मानवका त्रिभुज सम्बन्धमा केन्द्रित रहेको छ (त्रिपाठी र अन्य, २०४८, पृ. १४४) । यस कविताको मुख्य विषय मानवतावाद र ईश्वरचिन्तनलाई मानिएको छ । यसको अध्ययनको मुख्य उद्देश्य यात्रीका माध्यमबाट मानवतावाद र ईश्वरचिन्तन पहिल्याउनु अर्थात् प्रस्ट्याउनु रहेको छ । पूर्वीय दर्शनमा आत्मा र परमात्मा तथा सृष्टिकर्ताका रूपमा ईश्वरलाई स्वीकारेको पाइन्छ । पूर्वीय दर्शनमा ईश्वरलाई सगुण तथा व्यक्तित्त्वपूर्ण ब्रह्म मान्दै ईश्वरबाट नै जगत्को सृष्टि हुने कुरा बताइएको छ । समस्त मानव समुदायको विश्वबन्धुत्त्वको असल व्यवहार गर्नु मानवतावाद हो । यस्तै मानवताको चाहना गर्दै देवकोटाले *यात्री* कविताको सिर्जना गरेको पाइन्छ ।

प्रस्तुत कवितामा मानवतावाद एवम् ईश्वरचिन्तनको विषयसँग सम्बन्धित रहेको छ । उनको यात्री कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तनको गहिरो दार्शनिक प्रभाव रहेको पाइन्छ । देवकोटाको *यात्री* कवितामा विभिन्न शीर्षकका अनुसन्धानात्मक लेखहरू तयार पारिएको भए पनि *यात्री* कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तन शीर्षकको अनुसन्धानात्मक लेख तयार भएको नपाइएकोले उक्त रिक्तता पूरा गर्नका लागि यो अनुसन्धानात्मक लेख तयार परिएको छ । देवकोटा स्वच्छन्दवादी कवि हुँदाहुँदै पनि उनका कविताहरूमा पूर्वीय दर्शनको गहिरो चेत पाइनु उनको पूर्वीय दर्शनको दार्शनिक वैशिष्ट्य हो । उनले आध्यात्मिक चिन्तनबाट ईश्वरलाई नियाल्नु पर्ने विचार *यात्री* कवितामार्फत् प्रयोग गरेका छन् । देवकोटाले जीवनप्रति आफ्नो सन्दृष्टि (असल विचार) प्रकट गरेका छन् । यसै सन्दर्भमा उनको दर्शनकेन्द्री यात्री कविताको विश्लेषणको आधार मानवतावाद र ईश्वरचिन्तनलाई बनाइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा लक्ष्मीप्रसाद देवकोटाको *भिखारी* (२०६०) कवितासङ्ग्रहमा सङ्कलित *यात्री* कवितामा प्रयुक्त मानवतावादी स्वर र ईश्वरचिन्तन र औचित्यको मूल्याङ्कन गर्ने निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट पाठात्मक विधिको प्रयोग गरी उक्त कवितामा प्रतिध्वनित मानवतावादी स्वर र ईश्वर चिन्तनका पक्षहरू आदिका तथ्य र तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि मानवतावाद र ईश्वरचिन्तनसम्बन्धी सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको उपर्युक्त प्रयोग गरी *यात्री* कवितामा तथ्यहरूको औचित्य उद्घाटन गर्न सैद्धान्तिक पर्याधारका सूचकबाट सामग्री विश्लेषण गर्ने विधि नै प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सभ्यताको सुरूदेखि नै मानिसले नैतिकताको पालना गर्दै आएको पाइन्छ । मानव अरू प्राणीभन्दा पृथक तथा बुद्धिजीवी प्राणी हो । जसले राम्रो, नराम्रो के हो भन्ने कुरा निर्क्योल राख्ने गर्दछ । गौतमका अनुसार मानवतावाद भनेको–

> "मानव अर्थात् मान्छेमा जोड दिने आर्दश, विचारधारा, सिद्धान्त वा आन्दोलनकै नाम हो" मध्ययुगले नियति, दैव, भाग्य तथा अतिप्राकृतिक तत्त्वमा जोढ दिइएको थियो तर मानवतावादले मान्छेलाई मान्छेकै खुट्टामा उभ्याउन खोज्यो । मानवतावादी आन्दोलन त्यस्तो आन्दोलन हो जसबाट मध्ययुग समाफ्त हुन्छ र आधुनिक युगको सूत्रपात हुन्छ । (पृ. १)

मान्छेलाई मान्छेकै कसीमा राख्नका लागि गरिने सकारात्मक आन्दोलन नै मानवतावादी आन्दोलन हो । जसले मान्छेलाई गलत मार्गमा जानबाट बचाउँछ । यसले मानवलाई नैतिकता तथा आचरणगत क्रियाकलापहरूतर्फ उत्प्रेरित गर्छ । त्यसैले मानवतावाद सकारात्मक आन्दोलनको हो ।

मानवतावादी चिन्तनमा मानव र मानव जीवनमूल्यसम्बन्धी नीति, आचरण तथा नैतिक विकास एवम् सकारात्मक सोचका लागि उपर्युक्त वातावरण सिर्जना हुन्छ भन्ने हो । मानवतावाद भनेको मानव मूल्य तथा क्षमतामा केन्द्रित दर्शन, विचारधारा एवम् चिन्तन हो । मानवतावाद पनि दर्शनसँग सम्बन्धी शब्द हो । आफैँले आफैँलाई चिन्नु वा चिनाउनु पूर्वीय दर्शनको मूल उद्देश्य हो (गौतम, २०७८, पृ. ८१) । यसरी मानवतावाद पूर्वीय दर्शनसँग जोडिएर आएको छ । आफैँले आफैँलाई चिन्नु नै मानवतावाद हो । हामीले जहिलेसम्म स्वयम्लाई चिन्न सक्दैनौँ त्यहाँ मानवतावाद हुन सक्दैन । जब हामी आफूतिर फर्कन्छौँ वा आफूलाई चिन्छौँ अनि मात्रै मानवतावादको जन्म हुन्छ । मानवतावाद, मानवमूल्य स्थापनाका विविध पक्षलाई समेट्न सक्ने अवधारणा हो (शुभेच्छु, २०७८, कृष्मन, संचार) । पूर्वीय दृष्टिले बसुधैव कुटुम्बकंको सिद्धान्त मानिएको मानवतावादले सम्पूर्ण मानव जगत्का हितमा हुने बहुमुखी पक्षहरूलाई समेट्ने कार्य गर्दछ । मानवतावाद विविध आन्दोलन, चिन्तन र अनुचिन्तनबाट मानव हितका लागि भएको कल्याणकारी चिन्तनको सार हो । यसले मानव हित, उच्चता, खुसी, उन्नति तथा प्रगतिलाई केन्द्रमा राख्ने, मानवीय समानताका पक्षमा वकालत गर्ने र स्वतन्त्रताका बहुमुखी पक्षलाई आत्मसात् गर्दछ । यसले मानव विरोधी छुवाछुछ, रङ्गभेद, वर्गभेद, क्षेत्रभेद जस्ता पक्षको विरोध गर्दै सम्पूर्ण मानव जातिलाई एउटै वर्गमा राखेर अध्ययन गर्ने अभिमत राख्दछ ।

अध्यात्म दर्शनमा शरीरलाई ईश्वर प्राप्तिको साधन मानेको पाइन्छ । "शान्तका...योगिभिर्ध्यानगम्यं" योगीले ध्यान गरेर ईश्वर प्राप्त गर्छन् (श्रीमद्भगवत् महापुराण, २०६८, (१२,१३(१) । योगीहरूले ध्यानमा मग्न भएर नै ईश्वरको प्राप्ति गर्न सक्छन् । यसरी हेर्दा ध्यान र कर्मयोगलाई महत्त्व दिएको देखिन्छ । पूर्वीय षड्दर्शन साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनले कुनै न कुनै रूपमा ईश्वरीय सत्ता र त्यससम्बन्धी चिन्तनलाई ग्रहण गरेको पाइन्छ । पूर्वीय दर्शनको ईश्वरसम्बन्धी चिन्तनलाई हेर्दा पौरस्त्य दर्शनको प्रमुख आधार ईश्वर तत्त्व रहेको देखिन्छ । साङ्ख्य दर्शनमा ईदृशेश्वरसिद्धिः सिद्धा (आचार्य, २०१०, पृ. १०,) यस प्रकार साङ्ख्य दर्शनमा ईश्वरको अस्तित्व स्वीकार गरेको पाइन्छ । योग दर्शनका अनुसार सृष्टिको प्रक्रिया प्रारम्भ हुनका लागि प्रकृतिका तीन गुण (सत्व, रज र तम) को सन्तुलन हुन शक्ति चाहिन्छ त्यो शक्ति भनेको ईश्वर हो जसले प्रकृतिको सन्तुलन, सुव्यवस्था र अस्तित्व कायम राख्दछ भन्ने मान्यता रहेको पाइन्छ (राई, २०७४, पृ. ३१६) । यसरी योगदर्शनले ईश्वरीय सत्तालाई स्वीकार गरेको देखिन्छ । अतः पूर्वीय षड्दर्शमा ईश्वरीय सत्तालाई कुनै न कुनै रूपमा स्वीकार गरेको पाइन्छ । न्यायदर्शनले यो सम्पूर्ण चराचर जगत्को

निर्माता, पालनकर्ता र संहारकर्ता ईश्वरलाई मानेको पाइन्छ । पछिल्लो समयमा आध्यात्मवादलाई महत्त्व दिने न्यायदर्शनले सम्पूर्ण सृष्टिको आधार ईश्वरलाई मानेको देखिन्छ । न्यायदर्शनका अनुसार ईश्वरको साक्षात्कार बाह्य जगत्बाट नभई शुद्ध अन्तःकरणबाट हुन्छ । वैशेषिकदर्शनका अनुसार सम्पूर्ण परमाणुको सञ्चालक ईश्वरलाई मानिएको छ भने वैदिक कर्म, अनुष्ठान र ईश्वरीय सत्तालाई सम्पूर्ण चराचर जगत्को सञ्चालक एवम् परमात्मा मान्ने भएकाले वैशेषिकदर्शन अध्यात्मिक दर्शनको समूहमा उभिन पुगेको देखिन्छ । वैशेषिक दर्शनले पनि न्याय दर्शनले जस्तै ईश्वरीय सत्तालाई स्वीकार गर्दछ । मीमांसादर्शन सुरूमा निरीश्वरवादी भए तपनि पछिल्लो चरणमा आएर ईश्वरीय सत्तालाई स्वीकार गर्न पुगेको देखिन्छ । रामानुज ब्रह्मसूत्रको ईश्वरवादी व्याख्या नै सर्वोच्च सत्ता हो, सर्वशत्तिमान, सर्वगुण सम्पन्न, छ सब ईश्वरमा निहित छ भन्दै ईश्वरीय सत्तालाई सर्वोच्च स्थान दिएको पाइन्छ, शङ्करको अद्वैतवादी दर्शनको निचोड नै 'ब्रम्हसत्यं जगत् मिथ्या" भन्ने रहेको छ । उपनिषद्मा पनि ब्रह्मलाई परम, परमेश्वर तथा ईश्वरको रूपमा प्रस्तुत गरेको पाइन्छ । उपनिष्द्मा ब्रम्हलाई ईश्वरको रूपमा उभ्याउँदै यो जगत्का जड् चेतन वस्तु ईश्वरद्वारा सञ्चालित र निर्मित छन् भन्ने यसको मान्यता रहेको पाइन्छ । ईश्वरका विभिन्न रूपहरू (भगवान्का अवतार, जन्म वा रूपहरूलाई नै ईश्वर रूप मान्ने चलन छ), शरीर धारणको प्रक्रिया सृष्टिको आखिकालदेखि नै हुँदै आएको पाइन्छ । ब्रम्ह र मायाको संयुक्त रूप ईश्वर हो (गौतम, २०७८, पृ. १०१) । यसरी ब्रह्म र मायाको समग्र रूपलाई वेदान्त दर्शनमा ईश्वर मानिएको छ । यसरी पौरस्त्य दर्शनमा प्रमुख तत्त्वका रूपमा व्याख्या गरिएको ईश्वरचिन्तन सम्बन्धी मान्यताको आधारमा *यात्री* कविताको अध्ययन गर्न उचित देखिन्छ । ईश्वर आध्यात्मिक चेतना हो । सृष्टि, स्थिति र लयको आधार हो, सर्वशक्तिमान् तत्त्व हो, सम्पूर्ण विश्व ईश्वरकै देन भएकाले जड, चेतन, जीव, वनस्पति, स्थावर, जङ्गम सबै ईश्वरमै निहित छ (चालिसे, २०७९, पृ. ५८) । ईश्वरलाई सम्पूर्ण आधार मानिएको छ । यहाँ ईश्वरलाई सृष्टि, स्थिति र लयको आधार मानिएको छ । ईश्वर नै सर्वशक्तिमा तत्त्व हो । ईश्वरबिना यो सृष्टिको कल्पना पनि गर्न सकिँदैन । यो विश्व ब्रह्माण्ड ईश्वरबिना असम्भव देखिन्छ । सम्पूर्ण विश्व नै ईश्वरको देन भएकाले जड, चेतन, जीव, वनस्पति, स्थावर, जङ्गम सबै ईश्वरमै निहित छ । शान्त रसको प्रधानता रहेको *यात्री* कविता मात्रिक छन्दअन्तर्गत 'ऊर्मि' छन्दमा विरचित छ । ४२ हरफ, साढे दश श्लोक रहेको उक्त कविता लघु आकारमा संरचित रहेको पाइन्छ । दार्शनिक चिन्तन परम्परामा सर्वाधिक चासो र छलफल हुने विषय ईश्वर चिन्तन नै देखिएको छ । विद्वान्हरूका अनुसन्धानले संसारका विभिन्न जातिहरूमा ईश्वरसम्बन्धी जिज्ञासा सर्बभन्दा बढी रहेको छ भन्ने देखाएको छ र यो सिद्ध गरिएको छ कि संसारमा ईश्वरमा विश्वास गर्नेहरूको सङ्ख्या अधिक छ (प्रसाद, १९८२, पृ. १४९) । यसरी हेर्दा ईश्वरसम्बन्धी चिन्तन प्रमुख विषय बनेर अगाडि बढीरहेको पाइन्छ । पौरस्त्य र पाश्चात्य सबै दर्शनमा ईश्वरका विषयमा विशेष चर्चा भएको पाइन्छ । कोही ईश्वरवादी भएर ईश्वरको चर्चा गरेका छन् भने कोही अनीश्वरवादी बनेर ईश्वरको चर्चा गरिरहेका

छन् । ईश्वर मान्नेहरूलाई ईश्वरवादी (आस्तिक) र ईश्वर नमान्नेहरूलाई अनीश्वरवादी (नास्तिक) भनेर चिनिन्छ (चालिसे, २०७९, पृ.५८) । आस्तिक र नास्तिक दुवैखाले दार्शनिकहरूका मस्तिष्कमा ईश्वरसम्बन्धी विचारले स्थान पाएका मानिन्छ । ईश्वरको नाम, स्वरूप, कार्य र विश्वसित उसको सम्बन्धका बारेमा दार्शनिकहरूमा मतान्तर पाइए तापनि ईश्वरवादीहरू भने ईश्वरलाई वास्तविक सत्य मान्दछन् । यसरी विभिन्न दार्शनिकहरूका ईश्वरसम्बन्धी सैद्धान्तिक पर्याधारको विश्लेषण आधार बनाइएको छ ।

अतः देवकोटाको *यात्री* कवितामा मूल्य निरूपण गर्ने साहित्यशास्त्रीय मान्यताका आधारमा मानवतावाद र ईश्वरचिन्तनले सकारात्मक भूमिका देखिन्छ । माथि उल्लिखित सैद्धान्तिक पर्याधारमा केन्द्रित भई महाकवि देवकोटाकृत *यात्री* कवितालाई मानवतावादी स्वर र ईश्वरचिन्तनसम्बन्धी समालोचनाका दृष्टिकोणबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## विमर्श र परिणाम

लक्ष्मीप्रसाद देवकोटाको *यात्री* कवितामा मानवतावादी स्वर र ईश्वरचिन्तनको गहिरो चेत देखिएको हुनाले यसमा दार्शनिकताको गहन प्रकटीकरण भएको छ । यसमा देवकोटाले यात्रीलाई कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ? भन्दै समग्र मानव जातिलाई नै प्रश्न गरेका छन् भने सामग्री लिएर पूजा गर्न मन्दिर खोज्दै हिँडेको यात्रीलाई आफ्नै शरीर मन्दिर भएको र मन ईश्वर भएको विचार कवितामार्फत् अभिव्यक्त गरेका छन् । उनले हाडहरूको सुन्दर खम्बा, मांसपिण्डको दीवारलाई शरीररूपी पाञ्चभौतिक अस्थिपञ्जर मान्दै सोही शरीरभित्र अवस्थित आत्म नै ईश्वर भएको बताएका छन् । मानिसको काँधमा चढेर, कुनै सामग्री लिएर कृत्रिम मन्दिर जानु पर्दैन मनका ईश्वर चिन र मानव कल्याण गर भन्ने सन्देश देवकोटाले *यात्री* कवितामार्फत् दिएका छन् । त्यसैले यस अध्ययनमा मानवतावादी स्वर र ईश्वर चिन्तनसम्बन्धी तथ्यालाई केन्द्रमा राखेर बुँदागत विमर्श गरी निष्कर्षसम्म पुगिएको छ ।

## मानवतावादी स्वर

मानव अधिकार, प्रतिष्ठा, मानव कल्याण, मानवको चौमुखी विकासको अपेक्षा राख्ने, तथा समाजिक कार्यका सम्पूर्ण पक्षमा मानव हितका लागि चासो र चिन्ता व्यक्त गर्दै मानव विचारको सम्मान गर्नु नै मानवतावाद हो । चेतनाको भौतिकतहमा विश्वास गर्ने र वैज्ञानिक चिन्तन तथा व्यवहारप्रति समर्थन गर्ने देवकोटाको भिखारी (२०१०) कवितासङ्ग्रहमा सङ्ग्रहित *यात्री* कवितामा मानवतावादी स्वरको विश्लेषण गर्न सकिन्छ । देवकोटाको *यात्री* कवितामार्फत् मानवतावादी स्वर सशक्त र मार्मिक तरिकाले अभिव्यक्त भएको पाइन्छ । देवकोटा गहिरो आध्यात्मिक चेत भएका

ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

बहुमुखी प्रतिभा हुन् । जसको *यात्री* कवितामा मानवतावादी दर्शन मुखरित भएको देख्न सकिन्छ । देवकोटाले *यात्री* कवितामा मानिसको शरीरभित्र अवस्थित ईश्वरलाई खोज्न आग्रह गरेका छन् । दीनदु:खीहरूप्रति प्रेम, करूणाभाव व्यक्त गर्दै मनुष्यहरूलाई मानवतावादी बन्न आग्रह गरेका छन् । मन्दिर आफू र ईश्वर आफूभित्र रहेको मानवतावादी भाव 'यात्री' कवितामार्फत् देवकोटाले प्रस्फुटित गरेका छन् :

कुन मन्दिरमा जान्छौ यात्री
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने,
साथ कसोरी लाने हो !
मानिसहरूको काँध चढी
कुन देवपुरीमा जाने हो ?
हाडहरूको सुन्दर खम्बा,
मांसपिण्डको दीवार !
मस्तिष्कको यो सुनको छाना
इन्द्रियहरूको द्वार !
नसानदीका तरल तरङ्ग
मन्दिर आफू अपार । (गौतम र एटम, २०७४, पृ. ६०)

प्रस्तुत उद्धृतांशमा देवकोटाभित्रको मानवतावादी भाव सशक्त भएर आएको पाइन्छ । यसले देवकोटाको मानवतावादी भावलाई प्रभावकारी तरिकाले अभिव्यक्त गरेको देख्न सकिन्छ । पूर्वीय षड्दर्शनअर्न्तगत पर्ने साङ्ख्य दर्शनले प्रकृतिलाई जड र पुरूषलाई चेतन तत्त्वका रूपमा स्वीकार गरेको छ । यसै तत्त्व अर्थात् प्रकृति तत्त्वलाई देवकोटाले प्रमुख स्थान दिएको पाइन्छ । कृत्रिम मन्दिरमा नजान र प्राकृतिक मन्दिर अर्थात् शरीरभित्रका ईश्वरलाई चिन्न अनुरोध गरेका छन् । मानव जीवनको आध्यात्मिक चेत र मानवतावादी स्वर प्रखरित केन्द्रीय कथ्य कवितांशमा अभिव्यक्त भएको पाइन्छ । कवितांशमा अभिव्यञ्जित पाञ्चभौतिक शरीरको प्रतीकात्मक लबज हो । यहाँ हाडहरूको सुन्दर खम्बा, मांसपिण्डको दीवार भनेर शरीररूपी पाञ्चभौतिक अस्थिपञ्जरलाई भनिएको छ । मानिसको काँधमा चढेर, कुनै सामग्री लिएर कृत्रिम मन्दिर जानु पर्दैन । वास्तविक मन्दिर त तिमीमै छ भन्ने भाव प्रस्तुत कवितांशबाट अभिव्यञ्जित भएको पाइन्छ । त्यसैले कुनै सामग्री बोकेर, मानिसको काँधमा चढ्र मन्दिर खोज्दै नहिँड्न र शरीररूपी मन्दिरभित्र अवस्थित ईश्वरलाई चिन्न आग्रह गरिएको छ । *यात्री* कवितामा मनुष्य देहलाई एउटा मन्दिरको रूपमा कल्पना गरिएको छ । प्रस्तुत कवितांशमा महाकवि देवकोटाद्वारा जीवन, जगत्, आत्मा-परमात्माबारे महत्त्वपूर्ण भाव ओतप्रोत भएको पाइन्छ ।

फर्क फर्क हे ! आऊ समाऊ,
मानिसहरूको पाउ ।
मलम लगाऊ आर्तहरूको
चहराइको घाउ
मानिसहरू भै इशवरको त्यो,
दिव्य मुहार हँसाऊ । (गौतम र एटम, २०७४, पृ. ६१)

मानवतावादी, रहस्यमय एवम् शरीररचनाका शिल्पबाट ईश्वरको वासस्थान औल्याइएको पाइन्छ । बाहिरी जगत्मा ईश्वर खोज्दै भौतारिएका मानिसहरूलाई फर्केर आऊ, यही शरीररूपी मन्दिरभित्र ईश्वर खोज । बाहिरी आँखाले ईश्वर देखिँदैनन् । ईश्वर देख्नका लागि ज्ञानको चक्षु खोलेर हेर । दुःखी, गरीबहरूका चहराइरहेका घाउमा मलम लगाऊ ईश्वर खुसी हुनेछन् भन्ने भाव प्रस्तुत कवितांशमा मुखरित भएको पाइन्छ । यहाँ मानवतावाद मूल प्रतिपाद्य विषय बनेर आएकाले दर्शनपरक मानवतावादी स्वर स्पष्ट रूपमा अभिव्यक्त भएको दखिन्छ । देवकोटाले यात्री कवितामार्फत् मनुष्य देहलाई मन्दिरका रूपमा कल्पना गरेको पाइन्छ । देवकोटाको कुन मन्दिमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो ? भन्ने प्रश्नका अलावा 'फर्क हे फर्क, जाऊ समाऊ मानिसहरूको पाउ, मलहम लगाउ आर्तहरूको चहराइरहेको घाउ' भनाइले पूर्वीय दर्शनमा आधारित मानवतावादी स्वर प्रखर रूपमा अन्तरध्वनित भएको पाइन्छ । जसमा करूण भाव ओतप्रोत भएको पनि देख्न सकिन्छ । यसरी देवकोटाको 'यात्री' कवितामार्फत् मानवतावादी स्वर मुखरित भएको पाइन्छ । प्रस्तुत कवितांशमा मन्दिर गएर प्रदक्षिणा गरेर, भेटी चढाएर ईश्वर प्राप्ति हुँदैन भन्ने दार्शनिक आध्यात्मिक बुलन्द भएको देख्न सकिन्छ । कवि भन्छन् ईश्वरको बास मानव मनभित्र हुन्छ र मानवले गर्ने कर्म नै ईश्वरको पूजा हो । देवकोटाले यात्री कवितामार्फत् सेवा, सहयोग सहानुभूति, सद्भाव र संवेदनशीलता भावले अगाडि बढ मानवसेवातर्फ लाग त्यसमा नै ईश्वर भेटिने छन्, ईश्वर खुसी हुनेछन् भन्ने मानवतावादी स्वरको स्थापना गरेका छन् । ईश्वर मानव जातिमा मात्र नभइ समग्र प्राणी एवम् जीवमा हुन्छन् भन्ने भाव देवकाटाको यात्री कविताको निम्न श्लोकमार्फत् अभिव्यञ्जित भएको पाइन्छ –

सडक किनार गाउँछ ईश्वर,
चराहरूको तानामा !
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीँ दिँदैन,
चर्म–चछुले कानामा,
कुन मन्दिरमा जान्छौ यात्री,
कुन नवदेश विरानामा ? (गौतम र एटम, २०७४, पृ. ६६१ )

प्रस्तुत कवितांशमा महाकवि देवकोटाले मानवमा मात्रै ईश्वर सीमित छैनन् । ईश्वर त सर्वव्यापी छन् । तिमी ईश्वर खोज्दै कुन नयाँ देशमा हिँडेका छौ ? भनेर यात्रीलाई प्रश्न गरेका छन् । गीतामा भनिएको छ "ममैवांशो जीवलोके जीवभूत सनातनः (१५/७)" अर्थात् बद्धजगत्का सम्पूर्ण जीवहरू मेरा अंश हुन् । यसरी देवकोटाले यात्री कवितामार्फत् समग्र जीव अर्थात् प्राणीजातिलाई नै ईश्वरका अंश मानेर सबै प्राणीको आवाजलाई एकताबद्ध गरेका छन् । प्रस्तुत कवितांशमार्फत् देवकोटाले चराहरूको बोलीमा पनि ईश्वरको बास हुन्छ, सडकमा ईश्वरको बास हुन्छ । ईश्वर सर्वत्र छन् तिमी भने ईश्वरलाई नचिनेर खोज्दै भौतारिएका छौ भन्दै वास्तविक ईश्वरलाई चिन्न भित्री आँखा खोल्न पनि आग्रह गरेका छन् । यसरी देवकोटा ईश्वरलाई समग्रसँग जोड्दै मानवतावादको उत्कृष्टता उद्धृत गर्दै यात्री कवितामार्फत् नेपाली जनमानसमा अपार श्रद्धाभावले युगौँयुगसम्म गुन्जिरहन्छ । जुनसुकै तहतप्काका वर्ग, जाति, धर्म, साक्षार तथा निरक्षर जोसुकैले गीति लयमा गाउन सक्ने देवकोटाको यात्री कवितामा समसामयिकता र शाश्वतताले प्राण भरेको पाइन्छ । मानवतावादी विचार समेटेको उक्त कविताले युगौँयुगसम्म मानव सभ्यतालाई मार्गदर्शन गरेको यात्री कविताले मानवतावादी दृष्टिकोणले आफूलाई महत्त्वपूर्ण स्थानमा राखेको विश्लेषणबाट पुष्टि हुन्छ ।

## ईश्वरचिन्तन

*यात्री* कवितामा ईश्वर निर्मित मानशरीर नै मन्दिर हो र आत्मा ईश्वर हो भन्ने भाव देवकोटाद्वारा मुखरित भएको पाइन्छ । हरेक वस्तुमा त्यसको रहस्यको मात्रा खोज्न सके मात्र गहिरो अध्ययन हुन्छ । हरेक वस्तुलाई सतही र वस्तुगत गरिकाले मात्रै हेर्ने गहिराइ बुझ्न नसक्ने चिन्तनलाई देवकोटाले बोक्रे चिन्तनका रूपमा लिएका छन् । हरेक वस्तुको वास्तविक रहस्य बुझ्न गहिराइमा जान पनि आग्रह गरेका छन् । मानिसको काँधमा चढेर, सामग्री बोकेर बाहिर ईश्वर खोज्दै हिँडेर भेटिँदैन । साँच्चिकै ईश्वर खोज्ने हो भने आफूभित्रै खोज ईश्वर तिमी भित्रै छन् भन्ने मुख्य भाव यस कवितामा रहेको पाइन्छ । ईश्वरलाई बाहिरी आँखाले हेरेर नदेखिने ईश्वर प्राप्त गर्नका लागि मानिसले भित्री आँखाले हेर्नुपर्ने भाव *यात्री* कवितामा व्यक्त भएको पाइन्छ । ईश्वर भित्र छन्, जतातते छन्, गहिराइमा छन्, असल कर्म गर्ने सेवकका साथमा ईश्वरको सधै बास हुन्छ, जस्तै -

मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज
चेतनाको यो ज्योति हिरण्मय
उसको शिरको ताज !
शरीरको यो सुन्दर मन्दिर
विश्वक्षेत्रको माझ । (गौतम र एटम, २०७४, पृ. ६०)

प्रस्तुत कवितांशमा पूर्वीय आध्यात्मिक दर्शनको गहिरो प्रभाव पाइन्छ । वेदले मस्तिष्कलाई 'हिरण्यगर्भ' भनेको पाइन्छ । यहाँ पञ्चतत्त्वद्वारा निर्मित शरीरले पूर्वीयषड्दर्शनअन्तर्गत साङ्ख्य दर्शनलाई सूचित गरेको देखिन्छ । देवकोटाको गहिरो दार्शनिक चिन्तन मुखरित भएर आएको प्रस्तुत कवितांशमा मानिसको मनरूपी सुन्दर सिंहासनमा जगदीश्वर विराजमान छन् भनिएको छ । तिम्रो त्यो जड तत्त्व शरीर र पुरूष तत्त्वलाई ईश्वर मानेको पाइन्छ । यो चेतन शरीर नै हिरण्यमय ज्योतिरूपी परमात्मा बस्ने ठाउँ हो । मनुष्यको शिर नै ईश्वररूपी मन्दिरका शिरको मुकुट हो । शरीररूपी यो सुन्दर मन्दिर विश्वभरि छ अथात् शरीरमा भएर पनि जगत्व्यापी छ । प्रस्तुत कवितांशमा देवकोटाले आफ्नो आत्मभित्र विराजमान भएका ईश्वर नचिनेर बाहिर भौतारिने भक्तजनहरूलाई सत् कर्ममा लाग्न आग्रह गरेका छन् । यस कवितांशमा देवकोटाले यस कवितांशको यात्री आत्मका ईश्वरलाई नचिनेर हिंडेको देखेर स्वयम् मानिसको शरीर मन्दिर हो र उक्त मन्दिरभित्र रहेको आत्मा नै ईश्वरको प्रतीक हो । बाहिरी संसारमा ईश्वर दैंखिदैनन् । ईश्वर आत्मामा छन्, ईश्वर सर्वत्र छन् ईश्वरलाई खोज्न कतै भौंतारिनु पर्दैन भन्ने भाव प्रस्फुटन गरेका छन् ।

भित्र ईश्वर छ बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?
ईश्वर बस्दछ गहिराइएमा
सतह बहन्छौ कति दूर ?
खोजी गर्छौ हृदय लगाऊ,
बत्ती बाली तेज प्रचुर । (गौतम र एटम, २०७४, पृ. ६१)

उद्धृत कवितांशमा पूर्वीय दर्शनको गहन चिन्तन प्रकटित भएको पाइन्छ । पूर्वीय वेदान्तदर्शन मुखरित भएको देखिन्छ । वेदान्त दर्शनले 'ब्रह्म सत्य जगत् मिथ्या' भनेको पाइन्छ । प्रस्तुत कवितांशमा पनि हामीलाई वास्तविक ईश्वरलाई चिन्न भित्री ज्ञान अर्थात् वास्तविक ज्ञान प्राप्त गर्नुपर्छ अनि मात्रै आफूभित्र अवस्थित ईश्वरलाई प्राप्त गर्न सक्छौं । भित्री ज्ञान हासिल गर्छौ अनि मात्रै आफूभित्र विराजमान ईश्वरलाई चिन्छौ । तर बाहिरी सतहमा जति टाढासम्म दौडे पनि ईश्वर प्राप्त हुँदैनन् । त्यसैले ईश्वर प्राप्त गर्नका लागि आफूभित्रको ज्ञानरूपी बत्ती बाल्नुपर्छ भन्ने भाव यात्री कवितामार्फत् अभिव्यक्त भएको पाइन्छ । ईश्वर बाहिर खोज्दै हिंडेर भेटिंदैन । ईश्वर त तिमी भित्रै छन् । भित्री आँखा खोलेर ईश्वरलाई खोज, भित्री आँखा खोल्नका लागि ज्ञानको आँखा खोल ईश्वर सतहमा भेटिंदैनन् । जसरी समुद्रको गहिराइमा डुबेर मात्र मोती निकाल्न सकिन्छ त्यसैगरी ज्ञानरूपी गहिराइमा डुबेपछि मात्रै ईश्वर भेटिन्छ ईश्वरचिन्तनको भाव देवकोटाको यात्री कवितामार्फत अभिव्यक्त भएको पाइन्छ । ईश्वरचिन्तनका दृष्टिले यात्री कविताको प्रस्तुत कवितांश सशक्त रहेको पाइन्छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाको *यात्री* कवितामाफत् भौतिकवादभित्रको व्याकुल मानवतादी दर्शनलाई अभिव्यञ्जित गरेको पाइन्छ । प्राकृतिक सत्ताको व्यवास्था गरी कृत्रिमतातर्फ बरालिने यात्रीलाई वास्तविकता औल्याउन आग्रह गरेको देखिन्छ । मनुष्य देहलाई मन्दिरका रूपमा कल्पना गर्दै देवकोटाले मन्दिमा हिँडेका यात्रीलाई फर्केर दीन, दुःखीको सेवा गर्न अनुरोध गरेका छन् । पूर्वीय दर्शनमा आधारित मानवतावादी स्वर प्रखर रूपमा अन्तरध्वनित भएको प्रस्तुत कवितामा देवकोटाले ईश्वर हरेकका आत्ममा छन् । सडकको किनारमा छन् । चराको बोलीमा छन् । दुःखी मानिसहरूको स्वरमा लय मिलाउँछन् । त्यसैले ईश्वरलाई खोज्दै नहिँड । ईश्वर नचिनेर मानवतावादको खिल्ली उडाउँदै मानिसको काँधमा चढेर कृत्रिम मन्दिर खोज्न हिँड्ने यात्रीलाई व्यङ्ग्य गरेका छन् । उज्यालो नचिनेर अँध्यारोमा अल्झिने मानिसलाई आफूभित्रको उज्यालो खोज्न आग्रह गरेका छन् । देवकोटाले बाहिरी चक्षुले ईश्वर भेटिँदैन । ईश्वर भेट्नका लागि अन्तर चक्षुले हेर्नुपर्छ अनि मात्रै ईश्वर देखिन्छ भन्ने भाव अभिव्यक्त गरेका छन् । मनुष्य देहलाई मन्दिरका रूपमा कल्पना गरेको पाइन्छ । देवकोटाको *यात्री* कवितामा पूर्वीय दर्शनमा आधारित मानवतावादी स्वर प्रखर रूपमा अन्तरध्वनित भएको पाइन्छ । प्रस्तुत कवितामा कविको गहिरो दार्शनिक चेत प्रकटित भएको पाइन्छ । वास्तविक ईश्वर भेट्नका लागि भित्री आँखा अर्थात् ज्ञानरूपी चक्षु खोन्नुपर्ने अनि मात्रै ईश्वर चिन्न सकिने भन्ने भाव यात्री कवितामा सशक्त भएर आएको देखिन्छ । नाभीमा कस्तूरी छ भन्ने थाहा नपाएर कस्तूरी बाहिर खोज्दै जसरी मृग भौतारिएको छ त्यसरी बाहिर ईश्वर खोज्दै भौतारिएका यात्रीरूपी मानवहरूलाई ज्ञानको गहिराइ बुझेर भित्र रहेको ईश्वर चिन्न र बाहिर ईश्वर खोज्दै नभौतारिन आग्रह गरेका छन् । मानिसद्वारा निर्मित वस्तुमा ईश्वर खोज्नु निरर्थक कार्य र बोझे चिन्तन हो भन्ने आध्यात्मिक भाव अथात् मानवतावादी स्वर यस कवितामार्फत् देवकोटाले बुलन्द गरेको पाइन्छ । प्रस्तुत कवितामा देवकोटाले यात्रीलाई ईश्वर आफैभित्र खोज्न प्रेरित गरेको भावलाई नै निष्कर्षात्मक अभिव्यक्ति दिइएको छ ।

## सन्दर्भ सूची

आचार्य, श्रीराम, शर्मा, माता भगवती देवी (२०१०).(सम्पा) *वेदान्तदर्शन*, मथुराः युग निर्माण ।

गौतम, कृष्ण (२०५९)(दो.सं.). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन*, ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र एटम, नेत्र (सम्पा.) (२०७४). *प्रज्ञा आधुनिक नेपाली कविता*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद, (२०७८). वैदिक षड्दर्शनका प्रमुख मान्यता, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

चालिसे, नारायण (२०७९). "पूर्वीय वाङ्गमय र सौन्दर्यविमर्श," राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना*, (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ.५८ ।

भट्टराई, घटराज, (सम्पा).(२०५१). *प्रतिभै प्रतिभा र नेपाली साहित्य*, काठमाडौँ : एकता बक्स डिस्ट्रिव्युटर्स, प्रा.लि. ।

मिश्र, वीरेन्द्रप्रसाद (२०४०). *दर्शनशास्त्र परिचय*, काठमाडौँ : नेपाली च्यारिटी फाउण्डेशन ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा).(२०४८). *नेपाली कविता भाग-२*, ललितपुर : प्रकाशन ।

राई, भक्त (२०७४). *पूर्वीयदर्शन*, काठमाडौँ : प्राज्ञिक अनुसन्धन केन्द्र ।

शुभेच्छु, रमेश (२०७८). 'देवकोटा मानवतावादी महाकवि', Link Krishmansanchar.com.

*श्रीमद्भगवत्महापुराण* (सन् २०६८). गोरखपुर : गीताप्रेस ।